"समृद्द गौरीशंकर गाउँपालिकाको लागि वातावरणिय सन्तुलन सहितको अभियान"

# गौरीशंकर गाउँपालिका
# Gaurishankar Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

सुरी, दोलखा ।, Suri, Dolakha
बागमती प्रदेश, नेपाल, Bagmati Province, Nepal

## आमाबाबु विहिन बालबालिका संरक्षण कार्यक्रमको लागि आवेदन दिने सम्बन्धी सूचना

**(सूचना प्रकाशित मिति : २०७७/०७/२४)**

बागमती प्रदेश सरकारको आर्थिक बर्ष २०७७/७८ को बार्षिक कार्यक्रम अन्तर्गत आमाबाबु विहिन बालबालिका संरक्षणका लागि आमा र बाबु दुवैको मृत्यु भएका वा दुवै वेपत्ता भएका वा दुवैको संरक्षण र रेखदेखबाट बञ्चित भई अरुको संरक्षणमा रहेका देहायका योग्यता पुगेका बालबालिकालाई मासिक रुपमा रु.२०००।- भत्ता उपलब्ध गराउने भनी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशबाट विवरण माग भएकाले सम्बन्धीत वडा कार्यालयमा गई मंसिर ४ गते भित्र रीतपुर्वक निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**भत्ता प्राप्त गर्ने बालबालिकाको योग्यता**

१) आमा र बाबु दुवैको मृत्यु भएका वा दुवै वेपत्ता भएका वा दुवैको संरक्षण र रेखदेखबाट बञ्चित भई अरुको संरक्षणमा रहेको
२) १८ बर्ष उमेर नपुगेको
३) ५ बर्ष उमेर पूरा गरेका बालबालिकाको हकमा विद्यालयमा भर्ना भई नियमित विद्यालय जाने गरेको भनी विद्यालयले दिएको सिफारिस
४) कुनै गैरकानुनी वा अपराधिक कार्यमा संलग्न नभएको

**आवेदनको साथ आवश्यक कागजातहरु :**

१) जन्मदर्ता प्रमाणपत्रको प्रतिलिलपि (नागरिकता भएमा नागरिकता प्रमाणपत्रको प्रतिलिपि)
२) बाबु र आमा दुवैको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि वा बाबु र आमा दुवै वेपत्ता भएको वा दुवैको संरक्षण र रेखदेखबाट बञ्चितीमा परेको प्रमाणित कागजात
३) विद्यालयमा भर्ना भई नियमित विद्यालय जाने गरेको भनी विद्यालयले दिएको सिफारिस पत्र ( ५ बर्ष उमेर पूरा गरेका बालबालिकाको हकमा मात्र )
४) संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि

बाल कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत